आ.व. २०८१।०८२
बैठक:- नगर कार्यपालिका बैठक
अध्यक्षता:- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

बैठक न. ०३।०८१।०८२
मिति:-२०८१।०८।३० गते
स्थान:- ता.न.पा मिनिहल
समय:- दिउँसो २.०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य |
| – | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा ४ | सदस्य |
| – | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री [illegible]मलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

| | | | | |
|---|---|---|---|---|
| | श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| | श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| | श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| | श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| | श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| | श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| — | श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| | श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| | श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| | श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| — | श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| | श्री हरिराम नागिला | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |
| | श्री ध्रुव ज्ञवाली | इ.वी. वडा अध्यक्ष | ता.न.पा.२ | |
| | श्री यम बहादुर डाँगी | ,, | ,, ५ | |

निर्णय नं. १

चालु आ.ब.२०८१।०८२ को लागि स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत एकिकृत घुम्ती सेवा शिविर मिति २०८१।७।४ गते देखि २०८१।७।१४ गते सम्म वडा नं. १२, ११, १०, ९, ८, ७, ६, ५ र १ मा क्रमश: तोकीए वमोजिम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

मिति २०८१।५।२८ गतेको निर्णयहरुको कार्यान्वयनको समीक्षा गरियो । कार्यान्वयन हुन नसकेका क्रियाकलापहरुको प्रभावकारी ढंगले कार्यान्वयन गर्दैजाने निर्णय गरियो ।

निर्णय नं. ३

चालु आ.ब.२०८१।०८२ को प्रथम त्रैमासिक आय व्ययको विवरण कार्यपालिका बैठकमा प्रस्तुत गरियो ।

निर्णय नं. ४

जापानी नागरिक वरिष्ठ समाजसेवी श्री काजुमासा काकिमी (ओ.के. बाजे) नागरिक अभिनन्दन तथा सम्मान कार्यक्रम २०८१ को लागि रु. ६०,०००। (साठी हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५

तानसेन नगरपालिकाका रैथाने आदिवासीहरुको पहिचान विषयक कार्यशाला गोष्ठि यहि मिति २०८१।७।१० गते तानसेनमा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत चालु आ.व ०८१।०८२ को स्वीकृत कार्यक्रम कार्यान्वयनको लागि मिति २०८१।६।२९ गतेको स्थानीय निर्देशक समितिको वैठकको निर्णयहरु स्वीकृत गरियो ।

निर्णय नं. ७

तानसेन खानेपानी उपभोक्ता समितको मिति २०८१।६।११ गतेको प्राप्त पत्रानुसार तानसेन नगरपालिका वडा नं. ५ कव्रस्थानमा टंकी निर्माणको लागि जग्गा व्यवस्थापनको लागि सहजिकरण गर्न अनुरोध भई आएकोमा सम्वन्धित निकायहरुमा सहजिकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

तानसेन नगरपालिकामा कार्यरत फिल्ड सहायक गिता जी.आर. हाल क्यान्सर उपचारको क्रममा रहेको हुंदा चालु आ.व.२०८१।०८२ वार्षिक नगर विकास योजनाको हितकारी कोष शिर्षकबाट रकम रु. १,००,०००।-(एक लाख मात्र) उपचार खर्च उपलब्ध निर्णय गरियो ।

निर्णय नं. ९

तानसेन नगर कार्यपालिकाको कार्यालय, पाल्पाबाट पदपूर्तिको लागि गरिएको विज्ञापन अनुसार छनोट तथा सिफारिस समितिवाट सिफारिस भई आएका देहायका सफल उमेदवारहरुको नतिजा अनुमोदन गरी सेवा करार सम्भौता गरी नियमानुसार कार्य जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

देहाय

| | |
|---|---|
| १. आश्मा कार्की | कृषि स्नातक प्राविधक |
| २ विष्णु तिर्मिल्सिना | रिटर्नी स्वयंसेवक |
| ३ सोम बहादुर गाहा | रिटर्नी स्वयंसेवक |

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

निलम प्रजापति (?)
२०८१।६।३०

निर्णय नं. १०

तानसेन नगरपालिकाको चालु आ.व. ०८१।०८२ को संघीय सशर्त अनुदान तर्फ कृयाकलाप नं. २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तरगत विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा आईसीटी व्यवस्थापन प्रयोजनको लागि प्रति इकाई रु. ६,५०,०००। (छ लाख पचास हजार मात्र) का दरले ४ (चार) वटा कार्यक्रमका लागि जम्मा २६,००,०००।( छब्बीस लाख मात्र) अनुदान प्राप्त भएकोमा आईसीटी ल्याब व्यवस्थापन कार्यक्रम आवस्यक भएका विद्यालयहरुवाट प्रस्ताव पत्र माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

तानसेन नगरपालिकाबाट आमा सुरक्षा बापत गत आ.व.मा लुम्बिनी मेडिकल कलेज एण्ड रिसर्च सेन्टर, प्रभास पाल्पालाई भुक्तानी दिन बाँकी (वैशाख, जेष्ठ र आषाढको) रकम रु. ३०,५०,१६०। (तीसलाख पचासहजार एकसय साठी मात्र) चालु आ.व.को स्थानीय तह तर्फ मातृ तथा आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्त संचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम शिर्षकमा प्राप्त ३८,८०,००० मध्यवाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १२

तानसेन नगरपालिका वडा नं. ४ वडा कार्यालयको भवन निर्माणको लागि चालु आ.व.मा रकम विनियोजन भई ठेक्का वन्दोवस्त समेत गरिएकोमा उक्त भवन निर्माणको लागि प्रस्तावित जग्गा विवाद भई निर्माण कार्य हुन नसकेको हुँदा तानसेन नगरपालिका वडा नं. ४ वडा कार्यालयको भवन निर्माण कार्यको ठेक्का रद्ध गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

सडक बोर्ड नेपाल र नगरपालिकाको म्याचिङ्गमा तत्काल लागत इष्टिमेटका आधारमा देहायका सडक मर्मम सम्भार गर्नेगरी निम्नानुसारका योजनाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय :

क.होलाङ्गदी–वसपार्क–टुडिखेल–नारायणस्थान हुँदै गैरागाउं–मिशन–धर्मशाला–गोर्खेकोट–चिलाङ्गदी सम्मको सडक

ख. गैरागाउं–धुवघाट सडक

ग. वाँसटारी–ठाँटी–वुढितिनाउ सडक

घ. नयाँपाटी –शारदा मा.वि. सडक

ङ. सितलपाटी– शिवालय मन्दिर सडक

च. सितलपाटी–जेभिटी–वसन्तपुर सडक

छ. लहरेपिपल– गौरीशंकर होटल–टक्सार सडक

ज. वतासेडाडा– कैलाशनगर – आँखा अस्पताल– लायन्स धर्मशाला सडक

झ. कैलाशनगर– श्रीनगर सडक

ञ. गोर्खेकोट देउराली– रानीमहल जाने वाटोको चोकसम्मको सडक

निर्णय नं. १४

तानसेन खानेपानी उपभोक्ता समितिलाई खानेपानीको महसुल घटाउन निर्देशन दिने निर्णय गरियो ।

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

निर्णय प्रमाणिकरण
२०८१।६।३०

हरिराम काफ्लेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १५**

तानसेन नगरपालिका वडा नं. ९ मा निर्माणाधीन बेल्टारी घाट भ्यो.पु. योजना सम्पन्न गर्नको लागि चालु आ.व.को नगर विकास योजनाको म्याचिङ्ग फण्डबाट रु. ९,७३,७९९। र दायित्व सरि आएका योजना अन्य कार्यक्रम तथा योजना शिर्षकबाट रकम रु.८,२३,५९७ गरी जम्मा रु.१७,९७,३९६। विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

तानसेन नगरपालिका वडा नं. ९ स्थित सदुवा गोविन्दे खानेपानी योजनाको लागि रु.१०००००।- चालु आ.व.को नगर विकास योजनाको मर्मत सम्भार कोष शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख